**बैठक संख्याः ६**
**बैठक मितिः २०८१/०५/२० गते**
**स्थानः राष्ट्रिय योजना आयोग**

**छलफल तथा निर्णय**

**निर्णय नं. १** राष्ट्रिय योजना आयोगबाट सरकार गठन भएको १०० दिनमा सम्पन्न गरिने कार्यहरूका सम्बन्धमा छलफल भई उक्त कार्यहरू कार्ययोजनासहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यथाशीघ्र पठाउने साथै कार्ययोजनामा उल्लेखित क्रियाकलापहरू समयमै सम्पन्न गर्न सम्बन्धित महाशाखाहरूले तदारुकता देखाउने।

**निर्णय नं. २** राष्ट्रिय योजना आयोगबाट तर्जुमा गरिएका कार्यविधि, निर्देशिका, मापदण्डहरूलाई समसामयिक तथा कार्यान्वयनमा सहजता ल्याउने गरी संशोधन एवम् परिमार्जन तथा अध्ययन प्रतिवेदन तयार गर्न गठन भएका विभिन्न समितिहरूको हालसम्मको कार्यप्रगतिका सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं. ३** राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ तथा विगतमा राष्ट्रिय योजना आयोगको सुदृढीकरणका लागि पेश भएका अध्ययन प्रतिवेदन, रणनीतिक योजना लगायतका दस्तावेजहरू अध्ययन गरी माननीय उपाध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, श्रीमान् सचिवज्यू लगायत सम्बन्धित क्षेत्र हेर्ने सहसचिवसँग समेत छलफल/परामर्श गरी प्राप्त सुझाव समेतलाई समेट्ने गरी २१(एक्काइस) दिनभित्र राष्ट्रिय योजना आयोगको कार्यसञ्चालन कार्यविधि तयार गर्न देहाय बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो।

**कार्यदलको संरचना**

| | |
|---|---|
| सहसचिव श्री रुद्रप्रसाद पण्डित | - संयोजक |
| सहसचिव श्री अर्जुन भण्डारी | - सदस्य |
| कार्यक्रम निर्देशक श्री रामहरि पाण्डे | - सदस्य |
| योजना अधिकृत श्री सुवाष लिम्बु | - सदस्य |
| कानून अधिकृत श्री कुमार रिजाल | - सदस्य |